जिल्ला प्रशासन कार्यालय ओखलढुंगाबाट आ.व २०७७/७८ को
प्रथम अर्धवार्षिक अवधिमा सम्पादित गतिविधि समावेश गरी प्रकाशित

# प्रशासन वुलेटीन




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा


जिल्ला प्रशासन कार्यालय

# सम्पादकीय

ओखलढुंगा जिल्लामा शान्ति सुरक्षा, अमनचैन कायम गर्ने, सरकारी तथा सार्वजनिक निकायहरुबाट प्रवाह हुने सेवालाई जनमैत्री बनाउने, नागरिकता तथा राहदानी वितरण गर्ने, विपद् व्यवस्थापन गर्ने, उपभोक्ता हित संरक्षण गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने, कानुनी राज्यको अवस्था सिर्जना गर्ने, विकास निर्माणमा समन्वय र सहजीकरण गर्ने साथै मुलुकी अपराध संहिता तथा अन्य विषयगत ऐन कानुनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यहरु सम्पादन गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य मुख्य कार्यहरु हुन । उल्लेखित कार्यहरु जनअपेक्षित, योजनाबद्व, व्यावसायिक तथा गुणस्तरीय रुपमा सम्पादन गर्ने उद्देश्यले अन्य विषयगत योजनाहरुका साथसाथै सुशासन कार्ययोजना समेत तर्जुमा गरी सम्वन्धित कार्यालयहरुसँगको समन्वयमा सो को प्रभावकारी कार्यान्वयन हुँदै आएको छ।

यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय ओखलढुंगाबाट चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम अर्धवार्षिक अवधिमा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु समावेश गरी श्रीमान् गृहसचिव र प्रमुख जिल्ला अधिकारी बिच भएको कार्यसम्पादन करार सम्झौता अनुसार सम्पादित कार्यक्रमहरु समेतका आधारमा यो अर्धवार्षिक वुलेटीन प्रकाशन गरिएको छ। यसले जिल्ला प्रशासन कार्यालय एवम् जिल्लामा रहेका अन्य सरकारी तथा सार्वजनिक निकायहरुबाट भए गरेका गतिविधिहरु सेवाग्राही, सरोकारवालाहरुलाई जानकारी गराई उनीहरुको सशक्तिकरणमा महत्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका गतिविधिहरुका साथै जिल्ला स्थित सरकारी निकायहरुबाट भएका असल अभ्यासहरुलाई समेत समावेश गरी नियमित रुपमा अर्धवार्षिक वुलेटिन प्रकाशन गरिनेछ। सेवाग्राही तथा अन्य सरोकारवाला व्यक्ति र निकायबाट प्राप्त सुझावका आधारमा वुलेटिनमा समावेश गर्नुपर्ने विषयवस्तुहरु निर्धारण गरिने भएकोले आवश्यक पृष्ठपोषणका लागि सम्बद्व पक्षहरुमा हार्दिक अनुरोध गर्दछु।



**सल्लाहकार :**

कृष्ण पौडेल,

प्रमुख जिल्ला अधिकारी

**सम्पादक समूह**

स.प्र.जि.अ. मनिता कार्की

स.प्र.जि.अ. तुलसी भट्टराई

ना.सु. टंक रम्तेल

खरिदार दिनेश पौडेल

**कम्प्युटर:**

क.अ. जीवन अधिकारी

स.क.अ. एसपी सिंह

# ओखलढुंगा जिल्ला परिचय




ओखलढुङ्गा जिल्ला प्रदेश न १ अन्तर्गत पर्ने पडाडी जिल्ला मध्ये एक हो । यस जिल्लाको पूर्वमा खोटाङ, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु तथा दक्षिण तर्फ उदयपुर र सिन्धुली जिल्ला रहेका छन् । नेपालका ७७ जिल्लाहरू मध्ये जनसंख्याको हिसाबमा ६० औ स्थानमा र क्षेत्रफलको हिसाबले ६८ औ स्थान ओगट्ने यस जिल्लाको कुल क्षेत्रफल लगभग १०७४ वर्ग किलोमिटर रहेको छ। राज्यको पुर्नसंरचना पश्चात १ नगरपालिका र ७ गाउँपालिका रहेको यस जिल्ला विश्व मानचित्रमा २७°८ उत्तर देखि २७° ३२ उत्तरी अक्षांश र ८६°११ पूर्व देखि ८६°४१ पूर्वी देशान्तर तथा ३९० मिटर (जोर्तिघाट) देखि ३६२७ मिटर (लाम्जे डाडा) उचाईसम्म फैलिएको पाईन्छ।

## भू-उपयोग स्थितिः

| भू–उपयोग प्रकार | वन जंगल | कृषियोग्य जमिन | झाडि | घाँसे मैदान | बाझो क्षेत्र | जलाशय | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग कि.मि) | ५१९.२७ | ४८३.५२ | ९.६६ | ३१.१२ | २५.४५ | ३.९७ | ०.९७ | १०७४ |
| प्रतिशत | ४८.३५ | ४५.०२ | ०.९ | २.९ | २.३७ | ०.३७ | ०.०९ | १०० |

श्रोतः Land Cover, ICIMOD@ 2010

## जनसांख्यिक स्थिति

| | | |
|---|---|---|
| कुल जनसंख्या | : | १,४८,३२० (जनगणना २०६८) |
| नेपालको कुल जनसंख्यामा जिल्लाको प्रतिशत | : | ०.५६% |
| औसत परिवार संख्या | : | ४.५२% |
| पुरुषको जनसंख्या | : | ६८,८९३ (५५.४६%) |
| महिलाको जनसंख्या | : | ७८,४२७ (५३.४५%) |
| घरधुरी | : | ३१,७४१ |
| जनघनत्व | : | १३८ प्रति वर्ग किलोमिटर |

जनसंख्या वृद्धिदर : ०.५७ प्रतिशत

जातजातीगत वाहुल्यता : क्षेत्री, मगर, राई, तामाङ, ब्राम्हण

## राजनैतिक विभाजन

क. संघीय संसद निर्वाचन क्षेत्र : १ (एक)

ख. प्रदेश सभानिर्वाचन क्षेत्र : २ (दुई)

ग. स्थानीय तह : ८ (आठ), नगरपालिका-१ र गाउँपालिका-७

| सिन | स्थानीय तह | क्षेत्रफल (वर्ग किमि) | घरधुरी संख्या | केन्द्र |
|---|---|---|---|---|
| १. | सिद्धिचरण नगरपालिका | १६७.८ | ६९९४ | ओखलढुंगा |
| २. | खिजिदेम्वा गाउँपालिका | १७९.७७ | ३१११ | खिजिफलाटे |
| ३. | चम्पादेवी गाउँपालिका | १२६.९१ | ३ ७९६ | कालिका |
| ४. | चिसँखुगढी गाउँपालिका | १२६.९१ | ३३३४ | सेर्ना |
| ५. | मानेभञ्ज्याङ्ग गाउँपालिका | १४६.६१ | ४६१८ | मानेभञ्ज्याङ |
| ६. | मोलुङ्ग गाउँपालिका | ११२ | ३६६९ | प्राप्चा |
| ७. | लिखु गाउँपालिका | ८८.०३ | २९५७ | यसम |
| ८. | सुनकोशी गाउँपालिका | १४३.७५ | ३९८७ | मुलखर्क |
| जम्मा | | १०७४ | २८६७० | |

*श्रोतः केन्द्रीय तथ्याङ्क विभाग २०१७*

## शैक्षिक स्थिति

कुल साक्षरता : ६४.४०%

पुरूष : ७४.३०%

महिला : ५६%

## प्रमुख बजारहरू

यस जिल्लाको सबैभन्दा ठूलो व्यापारिक महत्वको स्थान ओखलढुंगा बजार नै हो । यहाँ बुधबार र शनिबार गरी हप्ताको दुई पटक बजार लाग्ने गर्दछ । रामपुर, रूम्जाटार, मानेभञ्ज्याङ्ग, खिजिफलाटे, श्रीचौर, घोराखोरी, निशंखे, केत्तुके, फलाटे भंज्याङ, खानीभञ्ज्याङ्ग, कोषहाट, ठाडे पनि व्यापारिक दृष्टिले निकै महत्वपूर्ण स्थानको रूपमा रहेका छन् ।

# जिल्ला प्रशासन कार्यालय: स्वरूप/प्रकृति, काम, कर्तव्य र अधिकार

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा अर्धन्यायिक निकायको रुपमा रही न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

जिल्ला प्रशासन कार्यालय, ओखलढुंगाबाट जिल्लामा शान्ति सुरक्षा/अपराधिक गतिविधि नियन्त्रण, विपद व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह, विकासात्मक गतिविधिहरुमा समन्वय तथा सुशासन लगायतका विषयमा कार्य गर्ने गरी **जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना** २०७७ तथा जिल्ला स्थित सबै सरकारी एवम् सार्वजनिक निकायहरुबाट चालु आ.व.मा गरिने मुख्य-मुख्य सुधारका कार्यहरु सहित **सुशासन कार्ययोजना** २०७७ जारी गरी समग्र जिल्लाको सार्वजनिक सेवा प्रवाहलाई व्यावसायिक तथा जनमैत्री रुपमा प्रवाह गरिदै आएको छ ।

## जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा/कार्यविवरण :

### क) स्थानीय प्रशासन सम्बन्धि कार्य :

- शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, गराउने ।,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिरा नियन्त्रण,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव सञ्चालन तथा व्यवस्थापन,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण,
- हिंस्रक जन्तु मार्ने,
- नाम, थर वा उमेर आदि प्रमाणित,

- राजमार्ग सुरक्षा तथा अवरोध व्यवस्थापन
- नावालकको उमेर प्रमाणित,
- पेन्सन र रहलपहल सम्वन्धी सिफारिस,
- दलित, आदिवासी जनजाति, अपांगता लगायत प्रमाणित,
- पत्रपत्रिका तथा छापाखाना दर्ता,
- नाता/पारिवारिक विवरण प्रमाणित,
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन,
- सरकारी/सार्वजानिक सम्पत्ति संरक्षण,
- मुआव्जा तथा क्षतिपूर्ति निर्धारण तथा वितरण,
- सरकारी सवारी साधन नियमन,
- वाल कल्याण तथा वाल अधिकार संरक्षण

### ख) नागरिकता तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य:

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण,
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण,
- नाम थर जन्म मिति संशोधन,
- राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा परिचयपत्र वितरण,

### ग) राहदानी सम्बन्धी कार्य:

- राहदानी फाराम संकलन,
- द्रुत सेवा अभिलेख प्रमाणित,
- राहदानी वितरण,
- MRP को विवरण संशोधन सिफारिस,

### घ) मुद्दा तथा उजुरी/गुनासो सुनुवाई सम्बन्धी कार्य:

- मुलुकी अपराध संहिता २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्दा शुरु कार्वाही र निरुपण,

- गुनासो वा ठाडो उजुरी सुनुवाई,

### ङ) हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी कार्यः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण,
- विस्फोटक पदार्थ सिफारिस र नियमन,
- विष्फोटक पदार्थ प्रयोग गर्ने ईजाजत वितरण तथा नविकरण,

### च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यः

- संस्था दर्ता तथा नवीकरण,
- संस्थाको विधान संशोधन,
- संस्थाको शाखा  विस्तार स्वीकृति,

### छ) विपद् व्यवस्थापन सम्बन्धी कार्यः

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक सञ्चालन तथा व्यवस्थापन,
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण तथा कार्यान्वयन,
- विपद् क्षति विवरण संकलन,
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनः स्थापना,

### ज) अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्यः

- अख्तियार दुरुपयोग सम्बन्धी उजुरी एवं निवेदनहरु उपर प्रारम्भिक छानबिन,
- भ्रष्टाचार नियन्त्रणका लागि समन्वय र सहजीकरण,

### झ) सुशासन सम्बन्धी कार्यः

- सरकारी तथा सार्वजनिक निकायहरुको अनुगमन तथा निरीक्षण,
- स्थानीय तहसँगको समन्वय तथा सहजीकरण,
- उपभोक्ता हित संरक्षण/सम्वर्द्धन,
- विकास निर्माण कार्यको अनुगमन, समन्वय/सहजीकरण,
- सूचनाको हक कार्यान्वयन,
- सार्वजनिक सुनुवाई,

## जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारी विवरण,

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.प्र.) | १ | १ | रा.प.द्वि |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्वि) | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत/सप्रजिअ (रापतृ) | २ | २ | |
| ४ | नायव सुव्वा | ५ | ३ | १ काजमा |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | २ | १ | |
| ७ | खरिदार | ३ | १ | |
| ८ | हलुका सवारी चालक | १ | १ | |
| ९ | कार्यालय सहयोगी | ६ | ६ | |
| जम्मा | | २२ | १६ | |

| सिन | पद | नाम | सम्पर्क नम्वर | स्थायी ठेगाना | कै |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | कृष्ण पौडेल | ९८५२८७७७७७ | मोरङ | |
| २ | स.प्र.जि.अ. | मनिता कार्की | ९८४९८७१८१८ | ओखलढुंगा | |
| ३ | स.प्र.जि.अ. | तुलसी भट्टराई | ९८५११६५९६२ | झापा | |
| ४ | ना.सु. | टंक रम्तेल | ९८४२८७७६६३ | खोटाङ | |
| ५ | ना.सु. | प्रकाश आचार्य | ९८६२९६४१४१ | खोटाङ | काज |
| ६ | ले.पा. | मातृका वास्तोला | ९८५२८३२१९९ | खोटाङ | |
| ७ | क.अ. | जीवन अधिकारी | ९८६२९२४५४८ | उदयपुर | |
| ८ | खरिदार | दिनेश पौडेल | ९८४१८२९०१० | उदयपुर | |
| ९ | स.क.अ. | एसपी सिंह | ९८६२५०२४७० | सिराहा | काज |
| १० | ह.स.चा. | भीम मगर | ९८५२८४००७७ | ओखलढुंगा | |
| ११ | का.स. | नरनाथ दाहाल | ९८४९९०८२८२ | ओखलढुंगा | |
| १२ | का.स. | नवराज खड्का | ९८६२६८८५०० | ओखलढुंगा | |

| सिन | पद | नाम | सम्पर्क नम्वर | स्थायी ठेगाना | कै |
|---|---|---|---|---|---|
| १३ | का.स. | वोधकुमारी मगर | ९८४२९२६६४६ | ओखलढुंगा | |
| १४ | का.स. | कुमारी वस्नेत | ९८६०१७०७९१ | खोटाङ | |
| १५ | का.स. | मनोज मगर | ९८६२५१९१३३ | ओखलढुंगा | |
| १६ | का.स. | पूर्णमाया मगर | | ओखलढुंगा | सरसफाई |
| **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण तर्फ** | | | | | |
| १ | क.अ. | रामजीवन महतो | ९८६०३१६६५२ | सिराहा | |
| २ | सहयोगी कर्मचारी | रमिला तामाङ | ९८०३२१५१४८ | ओखलढुंगा | |
| **आप्रवासी सूचना कक्ष तर्फ** | | | | | |
| १ | सूचना सहायक | यमुना धमला | ९८४२९३६०४१ | ओखलढुंगा | |

## प्रथम अर्धवार्षिक अवधि (२०७७ श्रावण देखि पौष मसान्त सम्म) सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू,

### सेवा प्रवाह सम्वन्धी संख्यात्मक विवरण,


| सि. नं. | सम्पादन गरेको काम | गत आ.व. २०७६/०७७ को जम्मा | २०७७ श्रावण देखि पौष मसान्त सम्मको प्रगति विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता वितरण | २६०७ | २२६५ | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | १३९६ | १०८४ | |
| ३ | राष्ट्रिय परिचयपत्र विवरण दर्ता | ० | ७०९६८ | |
| ४ | राहदानी सिफारिस | २४२२ | १०६३ | |
| ५ | गुनासो तथा उजुरी दर्ता | ५० | ४३ | |
| ६ | गुनासो तथा उजुरी सुनुवाई | ५० | ४३ | |
| ७ | संस्था दर्ता | २२ | १४ | |
| ८ | संस्था नवीकरण | ५२ | ४७ | |
| ९ | दलित/जनजाती सिफारिस | ३४३ | ३५६ | |
| १० | सार्वजनिक अपराध सम्बन्धी मुद्दा दर्ता | १८ | ४ | |

| सि. नं. | सम्पादन गरेको काम | गत आ.व. २०७६/०७७ को जम्मा | २०७७ श्रावण देखि पौष मसान्त सम्मको प्रगति विवरण | कैफियत |
|---|---|---|---|---|
| ११ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा फर्छौट | १३ | ३ | |
| १२ | वजार अनुगमन | ११ | २ | |
| १३ | कारागार अनुगमन | ६ | ४ | |
| १४ | जिल्ला सुरक्षा समितिको वैठक | ४० | १४ | |
| १५ | अन्तर जिल्ला सुरक्षा समन्वय वैठक | २ | ३ | |
| १६ | कार्यालय प्रमुख वैठक | १२ | ७ | |
| १७ | जिल्ला विपद् व्यवस्थापन समितिको वैठक | ५ | ३ | |
| १८ | जिल्ला संकट व्यवस्थापन केन्द्रको वैठक | १८ | ५ | |
| १९ | अन्य वैठक | १५ | ११ | |
| २० | PCR परीक्षण | ६४५ | १८०२ | |
| २१ | विपद राहत वितरण | २७७००० | १५००००। | |

## विविध कार्यहरु:

### १. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्वन्धी कार्यहरु

**क. Crime mapping सहितको एकिकृत रणनीतिक सुरक्षा योजना २०७७ तर्जुमा तथा कार्यान्वयन,**





विगत ३ आर्थिक वर्षमा यस जिल्लामा घटेका सवै अपराधहरुको Nature, Trend र Frequency का आधारमा विश्लेषण गरी अपराधको सघनता पहिचान गरिएको छ। सोही अनुसार सबै सुरक्षा निकायहरुको समन्वय र सहकार्यमा एकिकृत सुरक्षा रणनीति अवलम्वन गरी समग्र शान्ति सुरक्षा र अपराध नियन्त्रणका कार्यहरु सञ्चालन गर्ने गरी उक्त योजना तर्जुमा गरिएको र प्रभावकारी रुपमा कार्यान्वय गरिदै आएको छ।

## ख. आत्महत्याका कारण तथा न्यूनीकरणका उपाय : एक अध्ययन


आत्महत्याका घटनाहरु वर्षेनी वढीरहेको सन्दर्भलाई मध्यनजर गर्दै आ व २०७६/७७ मा घटेका ५८ व्यक्तिको मृत्यका घटनाहरु मध्ये भौगोलिक क्षेत्र, उमेर, जातजाती समेतको प्रतिनिधित्व हुने गरी २० मृतकका घर सम्म पुगी स्थलगत रुपमा निजका परिवार, छरछिमेक, साथीभाई लगायतका सरोकारवालाहरु समक्ष प्रश्नावली तथा खुल्ला छलफलका आधारमा आत्महत्यामा सम्भावित कारणहरु पहिचान गरी सो को न्यूनीकरणका लागि अवलम्वन गर्नुपर्ने उपायहरु समेत पहिचान गरी स्थलगत अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन सार्वजनिक गरिएको छ । *(विस्तृत प्रतिवेदन www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)*








## ग. कैदीहरुवाट भएको अपराधको कारण पहिचानको लागि सर्वेक्षण

कारागारमा रहेका कैदीहरूको सामाजिक आर्थिक अवस्थाको बारेमा जानकारी लिने, कैदीहरूबाट भएको अपराधको कारण पहिचान गर्ने तथा समाजमा हुने अपराधको न्यूनीकरण गर्न आवश्यक उपायहरूका बारेमा सिफारिस गर्ने उद्देश्यले ओखलढुंगा कारागारमा रहेका कैदीहरुसँग संरचित प्रश्नावली तथा खुल्ला छलफलका आधारमा सर्वेक्षण गरिएको छ । *(विस्तृत सर्वेक्षण प्रतिवेदन www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)*



| उमेरगत आधारमा कैदी विवरण | | |
|---|---|---|
| उमेर समुह | कैदी संख्या | प्रतिशत |
| ०-२० | १ | २.२७ |
| २०-३० | १७ | ३८.६४ |
| ३०-४० | १२ | २७.२७ |
| ४०-५० | ८ | १८.१८ |
| ५०-६० | ३ | ६.८२ |
| ६०-६५ | २ | ४.५५ |
| ६५+ | १ | २.२७ |
| जम्मा | ४४ | १००.०० |




स्रोत: प्रश्नावली सर्वेक्षण २०७७ कार्तिक

## घ. कानुन तथा न्याय सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन




अर्धन्यायिक निकायका कर्मचारीहरुको कानुन तथा न्यायिक प्रक्रिया वारेमा क्षमताका विकास गरी मुद्दा व्यवस्थापन कार्यलाई वस्तुनिष्ट बनाउन उच्च/जिल्ला अदालत, उच्च/जिल्ला सरकारी वकील कार्यालयका विज्ञ प्रशिक्षकहरुबाट जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, मालपोत कार्यालय, कर कार्यालय र जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखामा कार्यरत कर्मचारीहरुको लागि ४ दिने क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ।

## ङ. राजमार्गमा हुने अवरोध हटाउन गरिने सुरक्षा कार्वाही सहितको कार्ययोजना २०७७ तर्जुमा तथा कार्यान्वयन

सिद्धिचरण राजमार्गमा हुने सम्भावित सडक अवरोध हटाई निर्वाध रुपमा सवारी आवागमन सूचारु गर्ने गराउने कार्यका लागि कार्ययोजना तर्जुमा गरिएको छ। यस अनुसार सम्वद्ध पदाधिकारी सहितको राजमार्ग अनुगमन गरी सुधारका कार्यहरु हुदै आएको छ। *(विस्तृत कार्ययोजना www. daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)*

## च. अन्तर जिल्ला सुरक्षा समन्वय वैठक सञ्चालन

सोलुखुम्वु, रामेछाप र उदयपुर जिल्लाहरुसँग यस कार्यालयबाट सम्पादित असल अभ्यासहरु आदानप्रदान गर्न तथा सम्भावित सुरक्षा चुनौती समाधानमा समन्वय र सहकार्यका लागि संयुक्त सुरक्षा समन्वय वैठक सञ्चालन गरिएको।

## छ. प्रहरी चौकीहरुको अनुगमन

प्रहरी चौकीहरुबाट हुने शान्ति सुरक्षा र अपराध नियन्त्रणका कार्यहरुलाई प्रभावकारी वनाउन, स्थानीय तहसंगको सहकार्य अभिवृद्धि गर्न साथै समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई निरन्तरता दिने सम्वन्धमा पृष्ठपोषणका लागि जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुवाट नेपाल प्रहरी अन्तर्गतका १६ प्रहरी चौकी तथा सशस्त्र प्रहरी वल अन्तर्गत १ वेशको अनुगमन निरीक्षण गरिएको छ।


## ज. कारागार सुधार अध्ययन प्रतिवेदन

कागाराररलाई कैदीवन्दीमैत्री वनाउन गरिनुपर्ने Hardware / Software पक्षहरु, सो कार्यान्वयन रणनीति लगायतका विषयहरु सहितको विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग र १ नं. प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाईएको छ।

## झ. अपराधको अर्धवार्षिक विश्लेषण

चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम अर्धवार्षिक अवधिमा घटेका आपराधिक घटनाहरुको विश्लेषण गरी आगामी दिनमा घटना दोहोरिन नदिन तथा न्यूनीकरणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक रणनीतिहरु समेत अवलम्वन गरिएको छ।


| सि.नं. | अपराधको प्रकृति | गत आ.व २०७६/०७७ को अवस्था | आ.व.२०७७/७८ को प्रथम अर्धवार्षिक (पौष मसान्त सम्मको) अवस्था |
|---|---|---|---|
| १ | कर्तब्य ज्यान | ५ | २ |
| २ | ज्यान मार्ने उधोग | ४ | ३ |
| ३ | सवारी ज्यान | २ | ० |
| ४ | आत्महत्या | ५८ | ३२ |
| ५ | आत्महत्या दुरुत्साहन | १ | ० |
| ६ | यौनजन्य | २३ | २२ |
| ७ | विवाहसम्वन्धी | ६ | २ |
| ८ | चोरी | ३ | ० |
| ९ | अभद्र व्यवहार | १४ | ४ |
| १० | अन्य | ५ | २ |
| | जम्मा | १२१ | ६७ |




## २. विपद् व्यवस्थापन सम्वन्धी कार्यहरु

### क. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ तर्जुमा, प्रकाशन तथा कार्यान्वयन

विगत ३ वर्ष देखि घटेका विपद घटनाहरुको विश्लेषण गरी विपद जोखिमको वास्तविक अवस्था पहिचान गरिएको छ। जस अनुसार पूर्वतयारी प्रतिकार्य तथा तत्कालिन पुनर्लाभ सम्मका कार्यहरु सम्पादन गर्ने गरी जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार यस योजना तर्जुमा तथा प्रकाशन गरी यसै अनुसार समग्र विपद व्यवस्थापन कार्य भैहरको छ। *(विस्तृत योजना www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)*





| | २०११ | २०१२ | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ |
|---|---|---|---|---|---|---|---|---|---|
| विपदका घटना | ११ | १० | १६ | १५ | १४ | २३ | २६ | २३ | ५० |

## ख. DEOC स्थापना तथा सञ्चालन

विपद् सम्बन्धी पूर्व सूचना संकलन तथा विश्लेषण गर्ने, विपदका समयमा खोज तथा उद्धार कार्यको समन्वय गर्ने, विपद घटनाहरुका बारेमा सम्बन्धित निकाय तथा पदाधिकारीहरु समक्ष सूचना सम्प्रेषण गर्ने लगायतका कार्यको लागि २०७७ श्रावण महिना देखी जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) सञ्चालन गरिएको छ।



## ग. Ware House स्थापना

विपद् व्यवस्थापनका लागि आवश्यक खोज तथा उद्वार सामग्रीहरुलाई सुरक्षित भण्डारण गर्न जिल्ला प्रशासन कार्यालय हाताभित्र एक गोदाम घर (WareHouse) स्थापना गरी उपयोगमा ल्याईएको छ।

## घ. सबै सरकारी कार्यालयमा Fire Extinguisher जडान तथा प्रयोग सम्वन्धमा नमुना अभ्यास सञ्चालन



ओखलढुंगा जिल्ला आगलागीजन्य प्रकोपको दृष्टिले अत्यन्तै जोखिमयुक्त भएको साथै पानीको न्यून स्रोत, साघुरो बाटो, सिमित उपकरण आदी समस्याका कारण आगलागी नियन्त्रणमा समस्या हुनसक्ने भएकोले सबै सरकारी तथा सार्वजनिक निकायहरुमा कम्तिमा १/१ वटा उच्च क्षमताको Fire Extinguisher जडान गरिएको छ। साथै त्यसको प्रयोग सम्बन्धमा नेपाली सेनाको प्राविधिक सहयोगमा नमुना अभ्यास समेत गरिएको छ।



## ङ. Holding Center स्थापना तथा सञ्चालन





COVID-19 को सम्भावित संक्रमण जोखिम व्यवस्थापनका लागि भारत लगायत तेस्रो मुलुकबाट ओखलढुंगा, सोलुखुम्वु र खोटाङ जिल्लामा आउने नागरिकहरुको लागि प्रदेश नं. १ सरकारको सहयोग र समन्वयमा मानेभञ्जाङ गाउँपालिका स्थित हर्कपुर मावि टोक्सेलमा ५० वेड क्षमताको होल्डिङ सेन्टर स्थापना गरिएको र उक्त सेन्टरबाट खोटाङ र सोलुखुम्बुका करिव २०० जनालाई सेवा दिईएको र यस जिल्लाका करिब २५० जनालाई होल्डिङ तथा क्वारेन्टिन सेवा उपलब्ध गराईएको। हाल विद्यालयका शैक्षिक गतिविधिहरु पूर्ववत रुपमा सञ्चालन हुने भएकाले आगामी दिनमा आवश्यक भएमा पुन होल्डिङ सेन्टर सञ्चालन गर्न सकिने गरी हाललाई उक्त सेवा वन्द गरिएको छ।

## च. COVID-19 संक्रमण अवस्था :

हालसम्म COVID-19 को सम्भावित संक्रमण जोखिम व्यवस्थापन गर्न १८०२ जनाको PCR परीक्षण गरिएको छ। उक्त परीक्षणका आधारमा हालसम्म ६९ व्यक्तिहरुमा संक्रमण देखिएको। कुनै पनि व्यक्तिको संक्रमणका कारण मृत्यु नभएको।


## ३. सुशासन सम्वन्धी कार्यहरु

### क. जिल्ला प्रशासन सुधार कार्ययोजना २०७७

गृह सचिव र प्रमुख जिल्ला अधिकारी बिच भएको कार्यसम्पादन सम्झौता अनुसार सम्पादन गर्नुपर्ने तथा जिल्लागत वस्तुस्थिति समेतका आधारमा सम्पादन गर्नुपर्ने विषयहरु समावेश गरी जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा गरी समग्र क्रियाकलापहरु यसै कार्ययोजना अनुसार आवद्ध गरिएको छ। *(विस्तृत योजना www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)*

### ख. सुशासन कार्ययोजना २०७७ तर्जुमा तथा कार्यान्वयन

सेवाग्राहीहरुको स्वस्थ नियन्त्रणमा आधारित सार्वजनिक सेवा सञ्चालनको अवस्था कायम गर्नेगरी यस जिल्लामा सञ्चालित सबै सरकारी तथा सार्वजनिक निकायहरुले चालु आवमा सम्पादन गर्ने मुख्य मुख्य सुधारका कार्यहरु समावेश गरी सुशासन कार्ययोजना २०७७ तर्जुमा गरी यसै अनुसार समग्र प्रशासनिक कार्यहरु सञ्चालन गरिदै आएको छ *(विस्तृत योजना www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)*




### ग. २४ सै घण्टा गुनासो सुन्न Hotline सञ्चालन

यस जिल्लाको समग्र सार्वजनिक सेवा प्रवाह, उपभोक्ता हित संरक्षण, विकास निर्माण लगायत समग्र सुशासन संग सम्बन्धित कार्यहरुहरुका सम्वन्धमा कै गुनासो भएमा तत्काल सम्वोधन गर्ने गरी २४ सै घण्टा सूचारु हुने गरी हटलाईन सेवालाई निरन्तरता दिईएको छ।

### घ. जनमैत्री कार्यालय व्यवस्थापन,

**सेवाग्राही लक्षित पुस्तकालय स्थापनाः** सेवा प्रवाहका क्रममा आवश्यक प्रक्रियामा लाग्ने समय व्यवस्थापनका लागि सेवाग्राही लक्षित पुस्तकालय स्थापना गरिएको छ। मूलत सेवाग्राहीमैत्री हुनेगरी छोटो समयमा समेत ज्ञान लिन सकिने खालका कथा, कविता, चुट्किला, धार्मिक पुस्तक, समसामयिक उपन्यास, आयुर्वेदिक ज्ञानवर्दक पुस्तक सहित पुस्तकालय स्थापना गरिएको छ।



**Mobile Charging Station:** सेवाग्राहीहरुको प्रयोगको लागि नेपाल टेलिकम संगको समन्वयमा १ थान Mobile Charging Station व्यवस्था गरिएको छ। आगामी दिनमा सेवाग्राहीको उच्च चाप भएका कार्यालयमा समेत यस प्रकारको सुविधा उपलब्ध गराउन नेपाल टेलिकम संग अनुरोध गरिएको छ।

**कर्मचारी उपस्थिति वोर्डः** कर्मचारीहरुको उपस्थिति अवस्था सहजै थाहा पाउन सकिने गरी मूल प्रवेश द्धारमा नै कर्मचारी उपस्थिति वोर्ड राखिएको छ। यसबाट सेवाग्राहीहरु आफुले भेट्नुपर्ने कर्मचारीको उपस्थिति वारेमा पूर्व जानकार भई सेवा प्रवाह र प्राप्तिमा सहजीकरण हुनेछ।




**प्रतिक्षालय निर्माण** : कोभिड १९ को संक्रमण जोखिमलाई समेत मध्यनजर गरी सेवाग्राहीहरु सहज र सामाजिक/भौतिक दुरी कायम गर्न मिल्ने गरी सुविधायुक्त प्रतिक्षालय निर्माण कार्य भैरहेको छ।

**कार्यालय परिसर स्तरोन्नती** : कार्यालयको परिसरमा ढलान तथा व्लक विच्छ्याई कार्यालय परिसर सुधार गर्ने, अपाङ्गता भएका व्यक्तिहरुको कार्यालयमा सहज पहुंचका लागि Ramp निर्माण गर्ने, सबै स्थानीय तहको पहिचान झल्कने गरी नक्सा राख्ने लगायतका निर्माण कार्यहरु भैरहेको छ।

**स्थानीय तहको पहिचान झल्कने तस्वीर** : कार्यालयका कार्यकक्षहरुलाई सबै स्थानीय तहको नामाकरण गरी स्थानीय तहको पहिचान झल्कने तश्वीरहरु समेत राखिएको छ।यसबाट सेवाग्राहीहरुममा कार्यालय प्रति अपनत्व वोध हुने अवस्था सिर्जना भएको छ।

**एक कर्मचारी एक फलफुलको विरुवा रोपण तथा संरक्षणः** कार्यालय परिसर भित्र किवि, सुन्तला, एभोकार्डो जातका फलफुल तथा अन्य विरुवाहरु रोपण तथा संरक्षण कार्य गरिएको छ। यसबाट कार्यालय परिसर वातावरण मैत्री हुनेछ।


## ङ. प्रजिअ र सप्रजिअ तथा अन्य रापअनं कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता तथा कार्यविवरण

जिल्ला प्रशासन सुधार कार्ययोजना लगायत कार्यालयबाट जारी गरिएका सबै योजना तथा कार्यीजिम्मेवारी अनुसार सम्पादन गर्नुपर्ने कार्यहरु व्यावसायिक, गुणस्तरीय रुपमा सम्पादन गर्नका लागि प्रजिअ र सप्रजिअ तथा अन्य कर्मचारीहरु संग कार्यसम्पादन सम्झौता गरिएको छ। *(विस्तृत सम्झौता www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)*

### च. सरकारी तथा सार्वजनिक जग्गा तथा अतिक्रमण अवस्था प्रतिवेदन २०७७ सार्वजनिक

जिल्लामा रहेका सबै सार्वजनिक जग्गाहरुको अभिलेखलाई साविक गाविसगत रुपमा अद्यावधिक गरी अतिक्रमणको अवस्था सहित प्रकाशन गरिएको छ। (विस्तृत प्रतिवेदन www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)

### छ. सरकारी कार्यालयको चल अचल सम्पत्ति (भवन, जग्गा तथा सवारी साधन) हरुको एकिकृत अवस्था प्रतिवेदन २०७७ तर्जुमा तथा सार्वजनिक




सरकारी कार्यालयको स्वामित्वमा रहेका चल अचल सम्पत्तिहरु विशेषत जग्गाको हकमा जग्गाधनीपूर्जा तथा ट्रेस नक्सा सहितको विवरण लगायत, भवन तथा सवारी साधनहरुको अद्यावधिक अवस्था तयार गरी सार्वजनिक गरिएको छ। साथै सरकाराक कार्यालयहरुलाई आफ्नो स्वामित्वमा रहेको सम्पत्तिको संरक्षण तथा उपयवग गर्ने कार्यमा समेत जिम्म्वार वनाईएको छ। *(विस्तृत विवरण www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)*

### ज. सरकारी सवारी साधन सदुपयोग सम्वन्धी कार्यविधि २०७७ तर्जुमा तथा कार्यान्वयन

सरकारी सवारी साधनहरुको प्रयोगमा मितव्ययीता कायम गर्न सबै सरकारी सवारी साधनहरुको सदुयपोगका लागि कार्यविधि तर्जुमा गरी सोही अनुसार कार्यान्वयन हुदै आएको छ। *(विस्तृत कार्यविधि www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)*


### झ. विगत २ आ.व. देखि वितरण गरिएका मुआव्जाहरुको अभिलेख २०७७ तर्जुमा तथा प्रकाशन

मुआव्जा निर्धारण समितिले विगत आवहरुमा विभिन्न आयोजनाका लागि वितरण गरेका मुआव्जाहरुको विस्तृत अभिलेख तयारी गरी प्रकाशन गरिएको छ। *(विस्तृत विवरण www.daookhaldhunga.moha.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ)*

### ञ. ओखलढुंगा जिल्लामा रहेका रुग्ण विकास आयोजनाहरुको अवस्था प्रतिवेदन २०७७ तर्जुमा तथा सार्वजनिक

ओखलढुंगा जिल्ला सञ्चालित विकास आइजनाहरु मधये लामो समयदेखि निर्माण सम्पन्न नभई अलपत्र रहेका विकास आयोजनाहरुको वास्तवित अवस्था आम नागरिक तथा लाभग्राहीहरुको


जानकारीको लागि सार्वजनिक गरिएको छ । यस कार्यले समयमानै निर्माण गर्ने गराउने कार्यमा आम नागरिकहरुवाट सम्वद्ध पक्षहरुलाई दवाव सिर्जना हुनेछ । *(विस्तृत प्रतिवेदन www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ)* । साथै रुग्ण विकास आयोजनाका कार्यहरु तत्काल सुरुवात गर्ने कार्यमा संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, राजनितिक दल, निर्माण व्यावसायी, विषयगत कार्यालय लगायतका सरोकारवालाहरु सहितको अन्तरक्रिया कार्यक्रम मिति २०७७ असोज २४ गते सञ्चालन गरिएको छ ।






## ट. सेवाग्राही सन्तुष्टी सर्वेक्षण

सरकारी तथा सार्वजनिक निकायहरुवाट हुने सेवाप्रवाह जनमैत्री भए नभएको थाहा पाउन र सेवाग्राहीले दिएको पृष्ठपोषण सुझाव अनुसार सेवा प्रवाहलाई व्यवस्थित गर्ने उद्धेश्यले ओखलढुंगा जिल्लाका सवै सरकारी कार्यालयहरुबाट २०७७ पौष १२ देखि १७ गतेसम्म अभियानको रुपका सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ । यसबाट कार्यालयगत रुपमा र जिल्लागत रुपमा सेवाग्राहीहरुको सन्तुष्टि स्तर पहिचान गरिएको छ । साथै सेवा प्रवाहलाई थप जनमैत्री वनाउने सन्दर्भमा सेवाग्राहीहरुबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन समेत भैरहेको छ । (विस्तृत प्रतिवेदन www.daookhaldhunga.moha.gov.np मा हेर्ने र डाउनलोड गर्न सकिनेछ) ।




## ढ. एकिकृत नागरिक वडापत्र प्रकाशन तथा प्रवोधिकरण

सबै सरकारी कार्यालयले प्रदान गर्ने सेवा तथा कार्यप्रक्रिया सहितको एकिकृत नागरिक वडापत्र तयार गरिएको छ। यसलाई स्थानीय तहसंगको समन्वयमा वडास्तरसम्म प्रवोधिकरण गरी आवश्यक कागजात र प्रक्रिया पुरा भएर मात्र सेवाग्राहीहरु सेवा लिन आउने वातावरणको सिर्जना गरिएको छ।

## ण. राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन

मिति २०७७ कार्तिक १८ गते देखि २०७७ माघ १५ गते सम्म राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन गरिएको छ। अभियानको क्रममा कुल ७०९६८ जना नागरिकहरुको विवरण दर्ता भएको छ।



| क्र.सं. | स्थानीय तह | अभियान सञ्चालन मिति | | विवरण दर्ता संख्या |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | मानेभञ्ज्याङ गाउँपालिका | २०७७/७/१८ | २०७७/८/३ | १००८४ |
| २ | खिजिदेम्बा गाउँपालिका | २०७७/८/६ | २०७७/८/१५ | ७६५९ |
| ३ | लिखु गाउँपालिका | २०७७/८/१५ | २०७७/८/२५ | ६५१२ |
| ४ | चम्पादेवी गाउँपालिका | २०७७/८/३० | २०७७/९/१९ | ८४५९ |
| ५ | सुनकोशी गाउँपालिका | २०७७/८/२९ | २०७७/९/२१ | ८९५५ |
| ६ | मोलुङ गाउँपालिका | २०७७/९/१५ | २०७७/१०/१० | ७६८७ |
| ७ | चिशंखुगढी गाउँपालिका | २०७७/९/१७ | २०७७/१०/१५ | ६७७६ |
| ८ | सिद्धिचरण नगरपालिका | २०७७/९/२१ | २०७७/१०/१५ | १३१८६ |
| ९ | जिल्ला प्रशासन कार्यालय स्थायी दर्ता स्टेशन | | | १६५० |
| जम्मा | | | | ७०९६८ |

## ४. सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यहरु

### क. सूचना अधिकारीको लागि छुट्टै मोवाईल नम्वर

सूचना अधिकारीहरुसंग आम नागरिकहरुको सहज पहुंच स्थापित गर्ने तथा कार्यालयको संस्थागत स्मरण कायम गर्ने गराउने उद्वेश्यले सबै सरकारी कार्यालयहरुका सूचना अधिकारीहरुको लागि नेपाल टेलिकम संगको समन्वयमा छुट्टै मोवाईल नम्वर उपलब्ध गराईएको छ ।

### ख. Proactive Disclosure प्रकाशन

सबै सरकारी निकायहरुवाट नियमित रुपमा Proactive Disclosure हुने गरेको छ । जिल्ला हुलाक कार्यालयबाट सो कार्यको अनुगमन तथा प्राविधिक सहायता उपलब्ध हुँदै आएको छ ।

### ग. कार्यालयको वेभ साईट तथा फेसवुक नियमित अद्यावधिक

कार्यालयका समग्र गतिविधि तथा दस्तावेजहरु तत्कालै कार्यालयको वेभसाईट तथा फेसवुक राखी नियमित अद्यावधिक गर्ने गरिएको छ । माथि उल्लेख भए अनुसारका सबै दस्तावेजहरु यस कार्यालयको वेभ साईटमा उपलब्ध छ ।

### घ. SMS Alert system सञ्चालन

विपद सम्बन्धी घटनाको जानकारी प्राप्त हुनासाथ सो को जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, माननीय सांसदज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखहरु, स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सरकारी कार्यालयका प्रमुख, स्थानीय प्रहरी चौकीका प्रमुख तथा पत्रकार सहित २०० भन्दा वढी पदाधिकारीहरुलाई SMS मार्फत उपलब्ध गराइदै आएको छ। जसवाट जिल्लामा घटेका विपद्का घटनाहरुको वारेमा सरोकारवालाहरुलाइ जानकारी हुनुका साथै विपद् पूर्वतयारी,प्रतिकार्य तथा पुनर्लाभको जिम्मेबारी पाएका सरकारी निकाय तथा गैरसरकारी निकायहरुलाइ आफ्नो तयारी तथा सतर्क रहन सहयोगी भएको छ।

## ५. अन्य

**वैदेशिक रोजागरी सम्बन्धी परामर्श:** वैदेशिक रोजगारीमा जानका लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई लक्षित गरी आप्रवासी सूचना कक्ष मार्फत वैदेशिक रोजगारमा जाँदा सुरक्षित हुनुपर्ने विषय र वैदेशिक रोजारीमा रहँदा अप्ठ्यारोमा परे उद्धारका लागि के कसरी कसलाई सम्पर्क गर्ने लगायतका विषयमा परामर्श प्रदान गर्ने गरिएको छ।

**राष्ट्रसेवक कर्मचारीहरुको सामाजिक उत्तरदायित्व वहन:** निजामती सेवा दिवसको अवसरमा २०७७ भाद्र २२ गते स्थानीय जाल्पा मन्दिरको जीर्णोद्धार गरी रंगरोगन तथा नियमित सरसफाई गर्ने गरिएको छ। दैनिक सरसफाईको लागि सबै सरकारी कार्यालयको जिम्मेवारी तोकिएको छ।



## हालसम्मका प्रमुख जिल्ला अधिकारीहरूको विवरण

| क्र.सं. | प्र.जि.अ. को नामथर | कार्यरत अवधी | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १. | मदन कृष्ण श्रेष्ठ | २०२८/०१/०१ | २०२९/ | |
| २. | तेज प्रसाद उपाध्याय | २०२९/ | २०२९/ | |
| २. | पशुपति प्रसाद निरौला | २०२९/ | २०३०/ | |
| ४. | पुन्य प्रसाद निरोला | २०३०/ | २०३३/ | |
| ५. | गोपाल मान श्रेष्ठ | २०३४/ | २०३६/ | |
| ६. | तारा प्रसाद घिमिरे | २०३६/०७/२० | २०३७/०७/२६ | |
| ७. | विजय प्रसाद रेग्मी | २०३७/०८/१९ | २०३९/०५/२९ | |
| ८. | चक्र वन्धु अर्याल | २०३९/०७/१५ | २०४०/ | |
| ९. | दिव्यराम भण्डारी | २०४१/०१/२१ | २०४३/१०/२१ | |
| १०. | मुकुन्द प्रसाद आचार्य | २०४३/ | २०४६/ | |
| ११. | कलाधर शर्मा | २०४६/०३/१८ | २०४७/०३/०१ | |
| १२. | नानीकाजी विष्ट | २०४७/०३/०७ | २०४८/०७/२९ | |
| १२. | रामेश्वर देवकोटा | २०४८/०८/०८ | २०४९/०७/२५ | |
| १४. | रामेश्वर प्रसाद घिमिरे | २०४९/०९/२६ | २०५१/०१/१८ | |
| १५. | योगराज पौडेल | २०५१/११/२९ | २०५२/०८/०८ | |
| १६. | माधव प्रसाद रेग्मी | २०५२/०८/२७ | २०५३/११/०१ | |
| १७. | गणेश राई | २०५३/११/१९ | २०५३/१२/०२ | |
| १८. | लोक बहादुर खत्री | २०५४/०५/०५ | २०५४/०९/०१ | |
| १९. | भरतमणि उपाध्याय भट्टराई | २०५४/०९/२४ | २०५५/०६/०५ | |
| २०. | रमेश कुमार श्रेष्ठ | २०५५/०६/२१ | २०५६/०८/२२ | |

| क्र.सं. | प्र.जि.अ. को नामथर | कार्यरत अवधी | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| २१. | प्रेम नारायण शर्मा | २०५६/०८/२८ | २०५८/०३/२२ | |
| २२. | शिव प्रसाद नेपाल | २०५८/०४/०१ | २०५८/०८/३० | |
| २२. | ज्ञान प्रसाद शर्मा पंगेनी | २०५८/०९/१३ | २०६२/०२/०१ | |
| २४. | अब्दुल कलाम खाँ | २०६२/०२/१६ | २०६३/०२/०८ | |
| २५. | भवानी प्रसाद पराजुली | २०६३/०३/१६ | २०६४/०३/१७ | |
| २६. | काशिराज दाहाल | २०६४/०३/३१ | २०६५/०७/०६ | |
| २७. | चन्द्र प्रसाद पन्त | २०६५/०७/१७ | २०६६/०१/२३ | |
| २८. | फणिन्द्रमणि पोखरेल | २०६६/०१/२८ | २०६७/०९/२३ | |
| २९. | सागरमणि पराजुली | २०६७/०९/२८ | २०६९/०६/१० | |
| २०. | सूर्य बहादुर खत्री | २०६९/०६/११ | २०७१/०१/२३ | |
| २१. | गणेश प्रसाद भट्टराई | २०७१/०२/०७ | २०७१/०२/२९ | |
| २२. | यादव सुवेदी | २०७१/०२/३१ | २०७२/१२/०१ | |
| २२. | एकदेव अधिकारी | २०७२/१२/०१ | २०७३/०८/२४ | |
| २४. | फणिन्द्र दाहाल | २०७३/०८/२७ | २०७४/०४/२७ | |
| २५. | जनकराज पन्त | २०७४/०५/०१ | २०७५/०४/१५ | |
| २६. | मुनका न्यौपाने | २०७५/०४/१६ | २०७५/१२/१७ | |
| २७. | गणेश आचार्य | २०७५/१२/१८ | २०७७/०२/२५ | |
| २८. | कृष्ण पौडेल | २०७७/०२/२६ | हालसम्म | |

# कार्यालय प्रमुख/सूचना अधिकारीहरूको विवरण

| कार्यालय प्रमुख | | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| १ | उच्च अदालत अस्थायी इजलास | मा. थीर बहादुर कार्की | मुख्य न्यायाधिश | ९८५११४८८८१ | भरतमणि पोखेल | ९८५२८४४४३३ | info.hciokhaldhunga@ supremecourt.gov.np |
| २ | जिल्ला अदालत | मा. दलवहादुर केसी | न्यायाधिश | ९८४१२९२९९२ | हरिप्रसाद रेग्मी | ९८५२८४०१९५ | admin. dcokhaldhunga@ supremecourt.gov.np |
| ३ | जिल्ला प्रशासन कार्यालय | श्री कृष्ण पौडेल | प्रमुख जिल्ला अधिकारी | ९८५२८७७७७७ | मनिता कार्की | ९८५२८४४४०१ | daookhaldhunga@ gmail.com |
| ५ | उच्च सरकारी वकील कार्यालय | श्री गोविन्द गौली | नि. सह-न्यायाधिवक्ता | ९८५२८४१२१० | भगवती देवी गौतम | ९८४१९२४७९८ | highattorneyokhaldhunga@ gmail.com |
| ६ | जिल्ला समन्वय समितिको कार्यालय | श्री नीर कुमार ढुंगाना | नि. जिल्ला समन्वय अधिकारी | ९८५२८४०६५५ | नीर कुमार ढुंगाना | ९८५२८४४४१६ | dccokh@gmail.com |
| ८ | अरिदमन गण | श्री विशाल सिंह | प्रमुख सेनानी | ९८६३०२८८३४ | सुमनजंग के.सी. | ९८४१८१९३९५ | bn-aridaman@ nepalarmy.mil.np |
| ९ | जिल्ला प्रहरी कार्यालय | श्री गोविन्द राज काफ्ले | प्रहरी नायव उपरीक्षक | ९८५२८७५५५५ | शिव कट्टेल | ९८५१२८४९८३ | dpookhaldhunga@ gmail.com |
| १० | सशस्त्र प्रहरी वल, गुल्म हे.क्वा. | श्री लालबहादुर कार्की | प्रहरी नायव उपरीक्षक | ९८५१२५९३६४ | कमल प्रसाद खड्का | ९८४४०६८९०० | apfokhaldhunga@ gmail.com |
| ११ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | श्री सञ्जय मण्डल | प्रमुख अनुसन्धान अधिकृत | ९८५२८४०११२ | | | nidokhaldhunga@ gmail.com |

| | कार्यालय प्रमुख | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| १२ | जिल्लाआयोजना कार्यान्वयन इकाइ (शिक्षा) | श्री बलबहादुर कार्की | आयोजना प्रमुख | ९८५११५१२८६ | सविन लामा | ९८५२८४४४३४ | dlpiuokhaldhunga037@gmail.com |
| १३ | जिल्ला आयोजना कार्यान्वयन इकाइ (जिमाली) | श्री सन्तोषप्रसाद दाहाल | आयोजना प्रमुख | ९८४६०७५५०४ | झलक बहादुर कार्की | ९८५२८४४४२४ | dlpiu.okhal@gmail.com |
| १४ | जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन) | श्री अर्जुन तामाङ्ग | आयोजना प्रमुख | ९८५४०४५७४७ | सुशिल कुमार चौधरी | ९८५२८४४४२० | mouddlpiu.okhaldhunga@gmail.com |
| १५ | सघन शहरी विकास तथा भवन निर्माण कार्यालय | श्री प्रकृण तुलाधर | आयोजना प्रमुख | ९८५१०४९००४ | विनोद सिंह | ९८५२८४३३३० | pudbc.okhaldhunga@gmail.com |
| १६ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री युगल किशोर न्यौपाने | कोष नियन्त्रक | ९८५२८४११४० | सोमनाथ बास्तोला | ९८५२८४४४०९ | okhaldhunga.dtco@fcgo.gov.np |
| १७ | करदाता सेवा कार्यालय | श्री कौशलेन्द्र रिजाल | कर अधिकृत | ९८५२८४१४१९ | सचिन देव भट्टराई | ९८५२८४४४१९ | tso-okhaldhunga@ird.gov.np |
| १८ | जिल्ला सरकारी वकील कार्यालय | श्री लेखनाथ ढकाल | नि. जिल्ला न्यायाधिवक्ता | ९८५२८४१२०९ | विद्यानन्द शाह | ९८६३९१५५०३ | Okhaldhunga2013@gmail.com |
| १९ | जिल्ला निर्वाचन कार्यालय | श्री प्रेम प्रसाद न्यौपाने | जिल्ला निर्वाचन अधिकारी | ९८५१०५१७९९ | विदुर कुमार बस्नेत | ९८५२८४४४१८ | electionokhaldhunga@yahoo.com |

| | | कार्यालय प्रमुख | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| २० | जिल्ला हुलाक कार्यालय | श्री प्रकाश न्यौपाने | हुलाक अधिकृत | ९८५२८४१५१३ | तेजविनोद पोखरेल | ९८५२८४४४१३ | okhl.dpo@gmail.com |
| २१ | जिल्ला कारागार कार्यालय | श्री चुडामणि अर्याल | जेलर | ९८५२८७३७७७ | जानुका पौडेल | ९८५२८४४४१४ | okhaldhunga.jailor@dopm.gov.np |
| २२ | ईलाका प्रशासन कार्यालय खिजिफलाँटे | श्री पेशलबहादुर विश्वकर्मा | का. मु. कार्यालय प्रमुख | ९८५२८४१०५२ | पेशल बहादुर विश्वकर्मा | ९८५२८४१०५२ | |
| २३ | मालपोत कार्यालय | श्री कुमार प्रसाद दाहाल | नि. मालपोत अधिकृत | ९८५१२०२३५४ | नरनाथ दाहाल | ९८५२८४४४०४ | okhaldhunga@dolma.gov.np |
| २४ | नापी कार्यालय | श्री जितेन्द्र बहादुर खड्का | प्रमुख | ९८५२८४२१२१ | तेज बहादुर खड्का | ९८५२८४४४२१ | napiokhaldhunga@gmail.com |
| २५ | शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय | श्री भीम प्रसाद मिश्र | इकाइ प्रमुख | ९८५२०५३१३३ | भिम प्रसाद मिश्र | ९८५२८४४४०५ | deookhal@gmail.com |
| २६ | डिभिजन सडक कार्यालय | श्री अरुण कुमार कर्ण | डिभिजन प्रमुख | ९८४५०२४४४१ | कविश तण्डुकार | ९८५४१६९५८५० | droharkapur@gmail.com |
| २७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | श्री पूर्ण ढुंगाना | प्रमुख | ९८५११४२९८१ | राजेन्द्र राजभण्डारी | ९८५२८४४४०७ | pmamp.piu.ok@gmail.com |
| २८ | तथ्याङ्क कार्यालय | श्री सूर्यमान विष्ट | नि. प्रमुख | ९८६२९५५३४४ | सुवास राई | ९८५२८४४४३६ | statokhal@gmail.com |

| | कार्यालय प्रमुख | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| २९ | जल तथा मौसम विज्ञान फिल्ड कार्यालय | श्री अभियान पौडेल | नि. प्रमुख | ९८४९१२१३१६ | अभियान पौडेल | ९८४९१२१३१६ | ercfo44462@gmail.com |
| | | | | | | | |
| ३० | जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | श्री सन्तोष दास | डिभिजन प्रमुख | ९८५२८४०२११ | उजित ठाकुर | ९८५२८४४४१२ | okhaldhunga.irrigation@gmail.com |
| ३१ | डिभिजन वन कार्यालय | श्री ज्ञानकुमार लामा | डिभिजन प्रमुख | ९८५२८४०१३४ | जमान सिंह मोक्तान | ९८५२८४४४०३ | dfookhaldhunga@gmail.com |
| ३२ | भू तथा जलाधार व्यवस्था कार्यालय | श्री हृदयकुमार झा | कार्यालय प्रमुख | ९८५२८४०५१४ | गंगाराम साहु | ९८५२८४४४१५ | swmookhaldhunga@gmail.com |
| ३३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री मोतिउर रहमान | डिभिजन प्रमुख | ९८५२८४९२१० | देवनाथ यादव | ९८६२६७१०१८ | wssdo.okhaldhunga@gmail.com |
| ३४ | पूर्वाधार विकास कार्यालय | श्री गंगासागर यादव | कार्यालय प्रमुख | ९८५१२४४५२८ | कुलानन्द चौधरी | ९८५२८४४४२८ | idookhaldhunga@gmail.com |
| ३५ | शहरी विकास तथा भवन कार्यालय | श्री सुमनकुमार मिश्र | इञ्जिनियर | ९८५२८४११०३ | अनुज श्रेष्ठ | ९८५२८४११६५ | sahariokhaldhungaprovience1@gmail.com |
| ३६ | जिल्ला अस्पताल रुम्जाटार | डा. सन्तोष देव | मेडिकल डाक्टर | ९८५७६५०८८५ | उमा गुरुङ | ९८४१३१५३७९ | rumjatarhospital@gmail.com |

| | कार्यालय प्रमुख | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| ३७ | जिल्ला स्वास्थ्य कार्यालय | श्री सुमन तिवारी | स्वास्थ्य प्रमुख | ९८५२८४१११६ | पुष्पराज पन्त | ९८५२८४४४३१ | info.dhor@gmail.com |
| ३८ | जिल्ला आयुर्वेद कार्यालय | श्री निरज खतिवडा | कार्यालय प्रमुख | ९८५२८४२१५० | आशिष कुमार झा | ९८५२८४४४३० | uddhav49@yahoo.com |
| ३९ | प्रदेश लेखा इकाइ कार्यालय | श्रीध्यानविर राई | इकाइ प्रमुख | ९८५२८४०६७० | बालकृष्ण श्रेष्ठ | ९८५२८४४४२५ | ptco.okhaldhunga@gmail.com |
| ४० | व्यावसायीक तथा सीप विकास तालीम केन्द्र | श्री भिषम राई | केन्द्र प्रमुख | ९८५२८४२१८५ | भविन्द्र कुमार खत्री | ९८५२८४४४१० | vsdtc.okhal@gmail.com |
| ४१ | घरेलु तथासाना उद्योग कार्यालय | श्री हर्क तोलाङ्गी | नि. उद्योग अधिकृत | ९८५२८४०६०६ | हर्क बहादुर तोलाङ्गी | ९८५२८४४४३५ | csidbokhaldhunga@gmail.com |
| ४२ | कृषि ज्ञानकेन्द्र | श्री हेमबहादुर आलेमगर | नि. कार्यालय प्रमुख | ९८५२८४०५६० | महेश कुमार चौधरी | ९८५२८४४४२३ | akcokhaldhunga@gmail.com |
| ४३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | श्री मोहन गुरुङ्ग | पशु चिकित्सक | ९८४२८५८०५८ | धिरेन राई | ९८५२८४४४०६ | vhlsokhaldhunga@gmail.com |
| ४४ | यातायात व्यवस्था कार्यालय | श्री गोपाल दाहाल | कार्यालय प्रमुख | ९८५२०६६१३० | | | tmo.okhaldhunga@gmail.com |
| | | | | | | | |

| कार्यालय प्रमुख | | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| ४५ | सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय | श्री रामेश्वर पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८२३१११ | नईन्द्रराज राई | ९८५२८४३३३ | siddhicharanmunicipality@gmail.com |
| ४६ | खिजीदेम्बा गाउँ कार्यपालिकाको कार्यालय | श्री सुवास पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८६३०१३०१२ | नारायण पुरी | ९७५१०६८६६६ | khijeedembarm2073@gmail.com |
| ४७ | चम्पादेवि गाउँ कार्यपालिकाको कार्यालय | श्री प्रेम प्रसाद सुवेदी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८६९०५१७२५ | सन्जित कुमार वि.क. | ९८४०१६२३६७ | ito.champadevimun@gmail.com |
| ४८ | चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय | श्री ओम बहादुर दर्जी | प्रमुख प्रशासकीय अधिकृत | ९८४९१६२७७२ | गोविन्द खड्का | ९८४२२६१४२७ | chishankhugadhi@gmail.com |
| ४९ | मानेभञ्ज्याङ गाउँ कार्यपालिकाको कार्यालय | श्री रमेश कुमार शाह | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८२०००२ | राम चन्द्र न्यौपाने | ९८५२८४४४०८ | ito.manebhanjyangmun@gmail.com |
| ५० | मोलुङ गाउँ कार्यपालिकाको कार्यालय | श्री सन्तोष गौतम | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८५१२२०९५७ | गोपाल नेपाल | ९८५१११७१७२ | molungrm@gmail.com |
| ५१ | लिखु गाउँ कार्यपालिकाको कार्यालय | श्री अभय गुप्ता | प्रमुख प्रशासकीय अधिकृत | ९८५२०२६९०८ | द्रोण कुमार धमला | ९८५२८४४४२७ | ito.likhu.mun@gmail.com |

| कार्यालय प्रमुख | | | | | सूचना अधिकारी | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | प्रमुख | पद | सम्पर्क नं. | नाम | सम्पर्क नम्वर | ईमेल |
| ५२ | सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय | श्री रामकुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत | ९७५३०००००७७ | जिवन घिमिरे | ९८५२८४४४२९ | itosunkoshee@gmail.com |
| | | | | | | | |
| ५३ | राष्ट्रिय बाणिज्य बैंक | श्री सुवास प्रसाद निरौला | प्रबन्धक | ९८५२८४०२०७ | योवनराज भण्डारी | ९८५११७२६७२ | okhaldhunga@rbb.com.np |
| ५४ | कृषि विकास बैंक | श्री विद्या कृष्ण पोखरेल | प्रबन्धक | ९८४२०२३१८८ | रमेश दाहाल | ९८५२८४४४०२ | okhaldhunga.branch@adbl.gov.np |
| | | | | | | | |
| ५५ | नेपाल नागरिक उड्डयन प्राधिकरण | श्री प्रल्हाद निरौला | कार्यालय प्रमुख | ९८५१२३६७७७ | प्रहलाद निरौला | ९८५२८४२११८ | rumjatar_cao@caanepal.gov.np |
| ५६ | नेपाल टेलिकम | श्री दिनेशचन्द्र पन्थी | कार्यालय प्रमुख | ९८५१०७०९१२ | संतोष न्यौपाने | ९८५१०७१०१० | ppsokhaldhunga@ntc.net.np |
| ५७ | नेपाल बिद्युत प्रधिकरण | श्री प्रतिश ढकाल | कार्यालय प्रमुख | ९८५२८४२२६८ | श्री बाबुराम पन्थी | ९८५२८४४४२६ | okhaldhunga@nea.org.np |
| ५८ | नेपालखाद्य तथा व्यापार कम्पनि | श्री रवनकुमार यादव | प्रमुख | ९८६३४५१९६६ | नरेन्द्र कुमार शर्मा | ९८५२८४२११७ | fmtclokh@gmail.com |

# जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको
# कसुरको सुचना तथा अनुसन्धान सम्बन्धी कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण ओखलढुंगावासीलाई अनुरोध

### क. कसुरको जाहेरी दरखास्त वा सूचना दिनु हुनः

१) कुनै कसुर भएको, भईरहेको वा हुनलागेको छ भन्ने कुरा थाहा पाउनुभएमा कसुरको सम्बन्धमा आफुसँग भएको वा आफुले देखे जाने सम्मको सबुद प्रमाण खुलाई निम्न अनुसारको ढाँचामा लिखित जाहेरी दरखास्त वा मौखिक सूचना (९८५२८७५५५५DSP)वा बिद्युतीय माध्यमबाट यस कार्यालयको इमेल dpookhaldhunga@gmail.com मा पठाइदिनुहुन ।

२) विद्युतीय माध्यमबाट जाहेरी दरखास्त वासूचना सूचना दिएकोमा त्यस्तो जाहेरी दरखास्त प्राप्तिको सूचना विद्युतीयमाध्यमबाटै उपलब्ध गराइनेछ ।

३) जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालय वा सम्बन्धित जिल्ला प्रमुख जिल्ला अधिकारी समक्ष समेत जाहेरी दरखस्त वा सूचना सहित उजुर गर्न सकिने कानूनी व्यवस्था रहेकोले प्रहरी चौकीहरुमा जाहेरी दरखास्त वासूचना दर्ता गर्न इन्कार गरेमा तुरुन्त यस जिल्ला प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष उजुर गर्नुहुन ।

### ख. अपराधको अनुसन्धान कार्यमा सहयोग गरिदिनुहुनः

१. कुनै अपराध घटेको अवस्थामा अपराधीलाई नियन्त्रणमा लिई तुरुन्तै नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन ।

२. अपराध भएको स्थानमा रहेका सवुद प्रमाणहरुलाई नजिकको प्रहरी कर्मचारी नआएसम्म सुरक्षित राख्नुहुन ।

३. अपराधको अनुसन्धान कार्यमा सहयोग गर्नुहुन ।

### जिल्ला प्रहरी कार्यालय, ओखलढुंगामा पेश गर्ने जाहेरी दरखास्तको ढाँचा

१. जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम थर र ठेगाना (टोल सहित) फोन नम्बरः-

२. कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको होः-

३. कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित):

४. कसुर गर्ने व्यक्तिको बाबु र आमाको नामः-

५. कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरणः-

६. कसुर सम्बन्धी बिबरणः-

- क) कसुर भएको वा भइरहेको वा हुन लागेको स्थान, ठाउँ, मिति र समय,
- ख) कसुरसँग सम्बन्धित घटनाको विवरण,
- ग) कसुरको प्रकृति र कसुरसँग सम्बन्धित अन्य विवरण,
- घ) कसुरसँग सम्बन्धित सवुत प्रमाण,
- ङ) कसुरसँग सम्बन्धित अन्य विवरण ।

७. यो दरखास्तको व्यहोरा ठिक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

प्रहरीद्वारा अनुसन्धान हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनु पर्ने र जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

जाहेरी वा सूचना दिने व्यक्तिकोः

सहीः

मितिः

आपराधिक हुन लागेको वा भएको जानकारी दिन नेपाल प्रहरीको निःशुल्क सेवा १०० सम्पर्क गर्नुहुन ।

# जिल्ला प्रशासन कार्यालय ओखलढुंगाको सेवाग्राहीहरुलाई अनुरोध

- सबै सरकारी/अर्धसरकारी कार्यालयले सबै सेवाग्राहीले सजिलै देख्न सकिने गरी नागरिक वडापत्र राखिएको छ ।साथै उक्त वडापत्र जिल्ला प्रशासन कार्यालयको वेव साईटमा समेत राखिएको छ। सो अध्ययन सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात तथा मापदण्डका बारेमा सुनिश्चित भएर मात्र सेवा लिन आउनुहुन ।
- सेवाग्राहीको सहजताका लागि सबै सरकारी कार्यालयहरुमा नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरिएको छ। Help Desk बाट सेवा प्राप्तिका लागि पेश गर्नुपर्ने निवेदन, फारमहरु निःशुल्क रुपमा लेख्ने र भर्ने व्यवस्था भएकोले केही निवेदन तथा फारम भर्नु पर्ने तत्काल Help Desk मा सम्पर्क गर्नुहुन ।
- कार्यालयको वारेमा केही सूचना आवश्यक भए सूचना अधिकारीलाई प्रत्यक्ष भेटेर वा सूचना अधिकारीहरुको मोबाइल न ९८५२८४४४०१ मा सम्पर्क गर्नुहुन । ओखलढुंगा जिल्लामा रहेका सबै सरकारी कार्यालयका प्रमुख तथा सूचना अधिकारीहरुको विवरण जिल्ला प्रशासन कार्यालय ओखलढुंगाको वेवसाइट daookhaldhunga.moha.gov.np मा राखिएको छ।
- जिल्ला स्थित सरकारी कार्यालयबाट प्रवाह भएका सेवाका बारेमा कुनै गुनासो भए सम्बन्धित कार्यालयको गुनासो सुन्ने अधिकारी तथा कार्यालय प्रमुख समक्ष राख्नुहोला। सम्बन्धित कार्यालयबाट उचित रुपमा गुनासो सुनुवाई नभएमा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं ९८५२८७७७७७ वा हटलाईन ०३७-५२०७३३ मा सम्पर्क गर्नुहोला ।
- शान्ति सुरक्षा, सुशासन विपद्, सेवा प्रवाह सम्बन्धी गुनासो भएमा हटलाईन ०३७ ५२०७३३ मा सम्पर्क गरी जानकारी गराउनुहुन। हटलाइन सेवा २४ सै घण्टा सञ्चालनमा हुनेछ। हटलाइनमा टिपोट भएका उजुरी/गुनासोहरुको सम्बोधन भएको जानकारी सम्बन्धित गुनासो कर्तालाई सम्पर्क गरी जानकारी समेत गराइनेछ।
- जिल्ला प्रशासन कार्यालयमा Free Wi-Fi, शुद्ध खानेपानी (तातोपानी समेत), टेलिभिजन, पुस्तकालय, स्तनपान कक्ष, महिलामैत्री शैचालय समेत व्यवस्था गरिएको छ। यस कार्यालयमा सेवा लिन आउँदा आवश्यकतानुसार उक्त सेवाहरु उपयोग गर्नुहुन ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न कार्यमा आवश्यक सहयोग गरिदिनुहुन। कुनै स्थानमा आपराधिक कार्य हुन लागेको वा भएको जानकारी भएमा तुरुन्त नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी प्रमुखको सम्पर्क नं ९८५२८७५५५५ वा प्रमुख जिल्ला अधिकारीको सम्पर्क नं ९८५२८७७७७७ वा हटलाईन (Hotline) ०३७-५२०७३३ मा सम्पर्क गरी जानकारी गराई सचेत नागरिकको भूमिका निर्वाह गरिदिनुहुन।
- सार्वजानिक निकायबाट हुने सेवा प्रवाहलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी तथा जवाफदेही पूर्वक सञ्चालन गर्नका लागि विभिन्न प्रयासहरु हुँदै आएको छ। सार्वजानिक निकायबाट प्रवाह हुने सेवाको समय र गुणस्तरका सम्बन्धमा निगरानी बढाई सुधार का लागि यस कार्यालयलाई आवश्यक सुझाव दिनुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय,**
**ओखलढुंगा**

(सम्पर्क नं. प्र.जि.अ. ०३७-५२०१३३, स.प्र.जि.अ. ०३७-५२०१३१, प्रशासन: ०३७-५२०१३२, फ्याक्स: ०३७-५२०१८२३, हटलाईन: ०३७-५२०७३३)
Website: daookhaldhunga.moha.gov.np
E-mail: daookhaldhunga@gmail.com
Facebook: www.facebook.com/okhaldhungadao/
Twitter: dao_okhaldhunga

## निशुल्क कानुनी सहायता सम्बन्धि जिल्ला सरकारी वकील कार्यालयको अत्यन्त महत्वपूर्ण सूचना

असमर्थ व्यक्ति (बार्षिक चालिस हजार रुपैंया भन्दा कम आय भएका) का हकमा कानुनी सहायता समितिबाट निम्न सेवाहरु निशुल्क रुपमा प्रदान गरिने व्यहोरा सूचित गरिन्छ।

१. कानुनी राय सल्लाह दिने।
२. अड्डा अदालतमा वहस पैरवी गर्ने।
३. लेखापढी तथा कानुनी कारवाहीका सन्दर्भमा गरिने फिरादपत्र, प्रतिउत्तरपत्र, निवेदन लगायतका अन्य सेवाहरु।

नोटः समितिको सेवा लिन आउँदा सम्बन्धित गाउँपालिका र नगरपालिकाबाट असमर्थ व्यक्ति भएको सिफारीस लिई आउनु पर्ने छ। अरुलाई अनावश्यक रुपमा दुःख दिने र आधारहीन मुद्दा गर्ने कार्यमा समितिबाट कानुनी सहायता उपलब्ध गराइने छैन।

निशुल्क कानुनी सहायता आवश्यक भएमा निम्न व्यक्तिसंग सम्पर्क गरी सहायता लिनसक्नुहुनेछ।

**सम्पर्क व्यक्तिः**
बोधनारायण कटुवाल
सम्पर्क नं. ९८४१८६१०३०
कानुनी सहायता समिति ओखलढुङ्गा

नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा

ओखलढुंगा जिल्लाको शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, उपभोक्ता हित संरक्षण लगायत यस कार्यालयको कार्यक्षेत्रसँग सम्बन्धित गुनासोहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने उद्देश्यले जिल्ला प्रशासन सुधार कार्ययोजना २०७७ अनुसार यस कार्यालयमा ०३७-५२०७३३ मार्फत निम्नानुसारका विशेषता सहित ज्यतष्लिभ सेवा मिति २०७७ भाद्र १ गतेबाट सूचारु हुने गरी व्यवस्था गरिएको छ। आम नागरिकहरुलाई यस सेवाको अधिकतम उपयोगका लागि हार्दिक अनुरोध छ।

### हटलाईन सेवाका विशेषतहरु

- शान्ति सुरक्षा, सुशासन, सार्वजनिक सेवा प्रवाह, विपद् व्यव्स्थापन, उपभोक्ता हित संरक्षण लगायतका विषयहरुमा गुनासो सुनुवाईका लागि यो सेवाको व्यवस्था गरिएको छ।
- गुनासोको गम्भीरताका आधारमा शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन सम्बन्धी तत्कालै सम्बोधन गर्नुपर्ने प्रकृतिका गुनासोहरु तत्कालै र अन्य गुनासोहरु सम्बन्धित सार्वजनिक निकायसँगको समन्वयमा यथासिघ्र सम्बोधन गरिनेछ।
- गुनासो गर्दा तथ्य प्रमाण सहित गर्नुपर्नेछ। तथ्य प्रमाणहरु नगलबकयययपम२ऋबषीअफ मा पठाउन सक्नुहुनेछ।
- यो सेवा २४ सै घण्टा सूचारु हुनेछ।
- गुनासो सम्बोधनको अवस्था गुनासो कर्तालाई समेत गराईनेछ।

# जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको अपराधनै हुन नदिने कार्यमा सतर्कता अपनाउने सम्वन्धी अनुरोध !!!

१. आदरणीय ओखलढुंगा जिल्लाबासी महानुभावहरु तपाईहरुको गांउटोल तथा छिमेकमा कुनै अपरिचित मानिसहरु आवतजावत गरी शंकास्पद गतिविधि गरिरहेका छन भने तत्काल नजिकको प्रहरी युनिटमा जानकारी दिनुहुन अनुरोध छ।

२. केही ठगहरुले सिधासाधा सर्वसाधारण मानिसहरुलाई सुनजस्तै देखिने पहेलो धातु देखाई सुन हो भनी गरगहनासंग साटी ठगी गरी फरार हुनसक्ने भएको हुदा त्यस्ता व्यक्ति तथा गिरोहको विश्वासमा नपर्न र बहुमुल्य गरगहना लगाई एक्लै भिडभाड तथा एकान्त स्थानमा यात्रा नगर्नुहुन अनुरोध छ।

३. सुनका गरगहना सरसफाई गरी दिने भनि कुनै अपरिचित व्यक्ति वा समुह तपाईको घरदैलोमा आएमा निजहरुको विश्वासमा नपर्न हुन र आफ्ना बहुमुल्य गरगहनाहरु समेत नदिन हुन अनुरोध छ।

४. आफु घर छाडी कहिकतै जानु पर्ने भएमा सो कुरा सामाजिक सञ्जालहरुमा पोष्ट नगर्न हुन अनुरोध छ।

५. लागु औषध कारोवारी वा प्रयोगकर्ता, जुवातास खेल्ने खेलाउने व्यक्तिहरुको वारेमा कुनै सूचना भएमा तत्काल प्रहरी कन्ट्रोल १०० मा सम्पर्क गरी जानकारी दिई सहयोग गर्नुहुन अनुरोध छ।

६. अशक्त, वृद्धवृद्धा र वालवालिकाहरुलाई एक्लै घर वाहिर नपठाउनुहुन तथा अपरिचित व्यक्तिले दिएको खानेकुराहरु नखानका लागि सम्झाउनुहुन अनुरोध छ।

७. सामाजिक सञ्जालहरु जस्तैः (Face book, Messenger, WhatÚs app, Imo, Viber तथा Text message द्वारा तपाईलाई बहुमुल्य उपहार परेको छ। उक्त उपहार लिनका लागि तपाईले विभिन्न वैक खाता वा Connect IPS, IME लगायत द्वारा केही रकम पठाउनुहुन भनि आएको सूचनाको विश्वास नगर्नुहुन र तत्कालै नजिकको प्रहरी कार्यालयमा खवर गरी सहयोग गरीदिनुहुन अनुरोध छ।

**नोट : सूचनादाताको व्यक्तिगत विवरण गोप्य राखिनेछ।**

## सम्पर्क नम्वर

| | |
|---|---|
| प्रहरी कन्ट्रोल रुम | : १०० |
| फोन न | : ०३७-५२०१९९ |
| मोवाईल न | : ९८५२८९००५० |
| सूचना अधिकारी | : ९८५२८४११७५ |
| प्रहरी नायव उपरिक्षक | : ९८५२८७५५५५ |



ओखलढुंगा बजार



सिद्धिचरण श्रेष्ठको पूर्ण कदको शालिक-३




ओखलढुंगा



पोकली झरना, लिखु




ओखलको ढुंगा


रामपुर कृषि क्षेत्र, मोलुङ


ओखलढुंगा प्रवेश (सुनकोशी पुल)


ओखलढुंगा


थोलेदेम्वा, खिजीदेम्वा

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा**
(सम्पर्क नं. प्र.जि.अ. ०३७-५२०१३३, स.प्र.जि.अ. ०३७-५२०१३१,
प्रशासनः ०३७-५२०१३२, फ्याक्सः ०३७-५२०१८२३,
हटलाईनः ०३७-५२०७३३)
Website: daookhaldhunga.moha.gov.np
E-mail: daookhaldhunga@gmail.com
Facebook: www.facebook.com/okhaldhungadao/
Twitter: dao_okhaldhunga